श्री

उच्च अदालत पाटन

संयुक्त इजलास

इजलास नंः ३

माननीय न्यायाधीश श्री श्रीमण कुमार गौतम

माननीय न्यायाधीश श्री सुभाष पौडेल

फैसला

मुद्दा नंः ०७६-CS-१७६५

मुद्दा : विद्युतीय कारोबार।

निर्णय नंः २३१

मिलन चाम्लिङ राईको जाहेरीले नेपाल सरकार ..............................................१ } पुनरावेदक वादी

विरुद्धः

पुष्पराज गौतमको नाती, ऋषिराज गौतमको छोरा, जिल्ला सुनसरी, धरान नगरपालिका, वडा नं.१४ घर भई हाल भक्तपुर जिल्ला, सूर्यविनायक नगरपालिका, वडा नं.१ सिरुटार बस्ने प्रनेश गौतम ..........................................................................१ } प्रत्यर्थी प्रतिवादी

शुरु फैसला गर्ने अदालतः काठमाडौं जिल्ला अदालत

शुरु फैसला गर्ने न्यायाधीश : मा.जि.न्या. श्री बाबुराम सुवेदी

शुरु मुद्दा नं.: ०७४-C१-२२६९

शुरु फैसला मिति : २०७६।०४।०९

पुनरावेदन दर्ता मिति.: २०७६/११/१४

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) बमोजिम यस अदालतको क्षेत्राधिकार भित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर निम्न प्रकरणहरुमा उल्लेख गरिएको छः-

तथ्य खण्डः

१. म जाहेरवालासँग प्रनेश गौतमको चिनजान नाता सम्वन्ध केही छैन।मैले निर्माण निर्देशन गरेको चलचित्र विरविक्रम २ प्रदर्शनको क्रममा निजले चलचित्र प्रचारप्रसार गरी दिन्छु।मेरो मेमे नामक युट्युब च्यानल छ भनी म्यासेन्जरमा कुरा भएकोमा कति रुपैंया दिनुपर्छ नि भनी आसमान सुवेदीले सोध्दा १४।१५ हजार लाग्छ भनी भनेकाले हामीले दिन नमानेपछि निज प्रनेश गौतमले उक्त युट्युब मार्फत मेरो मान ईज्जत प्रतिष्ठामा खलल पुऱ्याउने र उक्त चलचित्रको व्यापार व्यवसायमा

घाटा नोक्सान पुऱ्याउने नियतले विद्युतिय कारोवार ऐन २०६३ विपरीत सञ्चार माध्यमहरुमा प्रचलित कानूनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोक लगाएको कार्य गरेको, ऐ.को दफा ४९ बमोजिम झुठ्ठा व्यहोराको सुचना दिने मेरो उक्त चलचित्र उत्कृष्ट रही हाउसफुल भई चली रहेको हुँदा उक्त चलचित्र डुबाउने, घाटा लगाउने गरी देश विदेशमा प्रदर्शन हुनबाट रोक्ने गरी अनर्गल झुठ्ठा प्रचार गर्ने गरी भिडियो तयार गरी मिम नेपाल च्यानल मार्फत गाली गजौज गर्ने, कलाकारको मान ईज्जत प्रतिष्ठामा आँच पुऱ्याउने गरी छुरी देखाई जवरजस्ती राम्रो छ भन्न लगाई मेरो तथा मैले निर्माण गरेको चलचित्रको बदनाम गरेको हुँदा निज तथा मतियारहरु भए निजबाट खुलाई विद्युतिय कारोबार ऐन २०६३ अनुसारको कसूरमा कारवाही गरी म जाहेरवालालाई पर्न गएको रु.१,००,००,०००।(एक करोड) भन्दा बढी क्षतिपूर्ति समेत दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको मिलन चाम्लिङ्ग राईको जाहेरी दरखास्त।

२. म पेशाले ईन्जिनियर भए पनि कलाकारिता समेत गर्दै आएको छु। यसै क्रममा मलाई मिम नेपाल नामको युट्युव च्यानलले मलाई बोलाएर जाहेरवालाले निर्माण गरेको चलचित्र विरविक्रम २ को समिक्षा गरिदिनु भनी मेरो अन्तरवार्ता दिएकोले मैले उक्त चलचित्र एक दिन पहिले मात्र कमलपोखरीको कुमारी हलमा गई चलचित्र हेरेको हुँदा उक्त चलचित्रको समिक्षा मात्र गरेको हुँ। मैले उक्त चलचित्रको समिक्षाको क्रममा मलाई लागेको राम्रो नराम्रो पक्षको बारेमा समिक्षा गरेको हुँ। समिक्षा गर्दा मैले यो चलचित्रको कथा हिन्दी चलचित्र सोलेकै जस्तो छ। यो चलचित्रमा अभिनय गर्ने पल शाहको अभिनय मलाई मन परेन। नाजिर हुसेनको अभिनय मन पऱ्यो। बुद्धि तामाङको अभिनय असाध्यै मन परेको। कथामा नयाँ कुरा आश गर्ने मानिसले हेर्न नजाँदा हुन्छ तर रमाईलोको लागि हेर्न जाने हो भने यो चलचित्र धेरै नै रमाईलो छ। टिकटको पैसा असुल हुन्छ। हलबाट निस्कने बेलामा कसैलाई गाली गर्नु पर्दैन किनकी रमाईलो हुन्छ। भन्ने लगायतको वाक्यांशहरु प्रयोग गरी चलचित्रको समिक्षा गरेको छु। मैले उक्त चलचित्रको समीक्षा कोही कसैको चरित्र हत्या हुने, बदनाम गराउने, मान ईज्जत प्रतिष्ठामा खलल पुर्याउने, उक्त चलचित्रको व्यापार व्यवसायमा घाटा नोक्सान पुर्याउने नियतले उक्त चलचित्रको समिक्षा गरेको होईन र उक्त कार्य गरेको छैन। मैले हास्यव्यंग्य तरिकाले प्रस्तुत गरेको हो। हास्यव्यंग्यको रुपमा मैले एक जना कलाकार साथीलाई नक्कली छुरी देखाएर यो राम्रो छ भन भनेर व्यंग्य मात्र गरेको हुँ। जाहेरी दरखास्त साथ पेश हुन आएका भिडियो सि.डी थान १ र भिडियोको स्कृनसर्ट तथा म्यासेज प्रिन्ट पानाहरु मलाई देखाउदा देखी पाएँ। उक्त भिडियो मैले अन्तरवार्ता दिएको भिडियो हो र जाहेरी साथ संलग्न म्यासेजहरुको प्रिन्ट पानाहरु मैले पठाएको म्यासेज होईन। हेरी चिन्ही सनाखत गरि दिएँ। चलचित्रको व्यापारमा घाटा पुर्याउने र कलाकारहरुको चरित्र हत्या हुने गरी र कलाकारहरुलाई गालीगलौज गरी मैले अभिव्यक्ति दिएको छैन भन्ने समेत व्यहोराको प्रतिवादी प्रनेश गौतम अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

३. जाहेरवाला चलचित्र निर्माता तथा निर्देशक हुन। निजले हालसालै विरविक्रम २ नामक चलचित्र निर्माण गरी हाल विभिन्न हलहरुमा प्रदर्शन भईरहेको छ । प्रतिवादी प्रनेश गौतमले आफू संग मेमे नेपाल नामको युटुव च्यानल रहेको र सोहि च्यानल मार्फत प्रदर्शनको क्रममा रहेको चलचित्र

विरविक्रम २ को प्रचार प्रसार गरी दिन्छु सो बापत रु १४।१५ हजार लाग्छ भनेकाले जाहेरवालाले दिन नमानेपछि निज प्रनेश गौतमले उक्त युट्युब मार्फत जाहेरवालाको मानसम्मान, ईज्जत, प्रतिष्ठामा खलल पुर्याउने र उक्त चलचित्रको व्यापार व्यवसायमा घाटा नोक्सान पुर्याउने नियतले झुठ्ठा व्यहोराको सूचना दिने उक्त चलचित्र उत्कृष्ट रही हाउसफुल भई चली रहको अवस्थामा चलचित्र डुबाउने, घाटा लगाउने, देश विदेशमा प्रदर्शन हुनबाट रोक्ने गरी अनर्गल झुठ्ठा प्रचार गर्ने गरी भिडियो तयार गरी मेमे नेपाल च्यानल मार्फत गाली गजौज गर्ने, कलाकारको मान ईज्जत प्रतिष्ठामा आँच पुऱ्याउने गरी छुरी देखाई जवरजस्ती राम्रो छ भन्न लगाई जाहेरवाला तथा निजले निर्माण गरेको चलचित्रको बदनाम गरी विद्युतिय कारोबार ऐन २०६३ अनुसारको कसूर गरेको हुँदा निजलाई कानून बमोजिम कारवाही गरी जाहेरवालालाई निज प्रतिवादीबाटै उचित क्षतीपुर्ति दिलाई भराई दिने व्यवस्था हुनुपर्दछ भन्ने समेत व्यहोराको सन्तोषकुमार सुवेदी समेतले गरेको घटना विवरण कागज।

४. प्रतिवादी प्रनेश गौतमले युटुव तथा फेसबुक मार्फत जाहेरवालालाई गाली गलौज गरेको र जाहेरवालाको चलचित्रको बारेमा झुठ्ठा व्यहोराको सूचना दिएको भन्ने सम्बन्धमा परिक्षणको लागि प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग डिजिटल फरेन्सीक ल्याबमा पठाईएको हुँदा परिक्षण प्रतिवेदन यस कार्यालयमा प्राप्त भए पश्चात पठाईने व्यहोरा अनुरोध गरिएको छ भन्ने परीक्षण प्रतिवेदन।

५. जाहेरवालाले जाहेरी दरखास्त साथ पेश गरेको सिडी चक्कामा रहेको श्रब्य दृश्य सामाग्री भिडियोमा फेला परेको र सोमा रहेको अभिब्यक्ति हेरी सुनी प्रतिबेदन गरिएको छ भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन।

६. प्रतिबादी प्रनेश गौतमले जाहेरवालाले निर्माण गरेको चलचित्र बिर बिक्रम-२ नामक चलचित्रको प्रचार प्रसार गरी दिन्छु भनी रकम माग गरेको र निजले माग गरे बमोजिमको रकम नदिए पछि युट्युब मार्फत उक्त चलचित्रमा काम गर्ने जाहेरवाला लगायतका निर्माता निर्देशक र कलाकारहरुको इज्जत प्रतिष्ठामा असर गर्ने गरि अश्लिल तथा हेपाह प्रबृत्तिको शब्द प्रयोग गरि अभिब्यक्ति दिने, ठुलो लगानीवाट निर्माण भएको चलचित्रको व्यापार व्यवसायमा नोक्सानी पुऱ्याउने नियतले गलत बिश्लेशण गरी तथा कुनै खास पेशा बर्ग समुदायको मानिस प्रति इङ्गित गरी घृणा द्धेष फैलाई अनर्गल झुठ्ठा प्रचार गरी विद्युतीय (ईलेक्ट्रोनिक) कारोवार ऐन २०६३ दफा ४७(१) बमोजिमको कसूर अपराधमा सोही ऐनको दफा ४७ बमोजिम सजाय गरी प्रस्तुत कसूरबाट पीडितलाई पर्न क्षतिको मुल्यांकन गरी प्रतिवादी प्रनेश गौतमबाट पीडित जाहेरवालाहरुलाई सोही ऐनको दफा ५८ क र ७६ बमोजिम क्षतिपूर्ति दिलाई भराईपाउँ भन्ने समेत व्यहोराको वादी नेपाल सरकारको अभियोग दाबी।

७. जाहेरीको ब्यहोरा झुठा हो। आफ्नो पेशाले ईन्जिनियर भएपनि म हास्य कलाकारिता समेत गर्दै आएको छु। यसै क्रममा मलाई मिम नेपाल नामको युट्युव च्यानलले मलाई बोलाएर जाहेरवालाले निर्माण गरेको चलचित्र वीरविक्रम २ को समीक्षा गरिदिनु भनी भनेकोले मैले उक्त चलचित्र एक दिन पहिले मात्र मैले चलचित्र हेरेको हुँदा मलाई लागेको राम्रो नराम्रो पक्षको बारेमा समीक्षा गरेको हुँ। मैले उक्त चलचित्रको समीक्षा कोही कसैको चरित्र हत्या हुने, बदनाम गराउने, मान ईज्जत

प्रतिष्ठामा खलल पुर्याउने, उक्त चलचित्रको व्यापार व्यवसायमा घाटा नोक्सान पुर्याउने नियतले उक्त चलचित्रको समिक्षा गरेको होईन, उक्त कार्य गरेको छैन र उदेश्य पनि होइन। मैले गर्ने हास्यव्यंग्य तरीकाले प्रस्तुत गरेको हो। हास्यव्यंग्यको रुपमा मैले एक जना कलाकार साथीलाई नक्कली छुरी देखाएर यो राम्रो छ भन भनेर व्यंग्यसम्म गरेको हुँ। जाहेरी दरखास्त साथ पेश हुन आएका मैले अन्तरवार्ता दिएको भिडियो हो। साथै जाहेरीसाथ संलग्न म्यासेजहरुको प्रिन्ट पानाहरु मैले पठाएको म्यासेज होईन। जाहेरवालाको चलचित्रको व्यापारमा घाटा पुर्याउने र कलाकारहरुको चरित्र हत्या हुने गरी र कलाकारहरुलाई गालीगलौज गरी मैले अभिव्यक्ति दिएको छैन। जाहेरवालाको बीर बिक्रम चलचित्र हेरेपछि मैले आफूलाई लागेको कुरा ब्यक्त गरेको हुँ। मैले हालसम्म नेपाली र हिन्दी फिल्म गरी ५ बटा यस्तो भिडियो बनाई अपलोड गरकेको छु। जाहेरवालासँग यस सम्वन्धमा कुनै कुराकानी भएको होइन। तर उहाँहरुले नै हामीलाई फिल्म हेर्न बोलाउनु भएको हो र उहाँहरुसँग भिडियो बनाउने कुरामा मिम नेपालको मौखिक कुराकानी भई उहाँहरुले हुन्छ भन्नु भएको थियो भन्ने समेत व्यहोराको प्रतिबादी प्रनेश गौतमले अदालतमा गरेको बयान।

८. मिसिल संलग्न जाहेरी दरखास्त, प्रतिवादीले अधिकारप्राप्त अधिकारी एवं अदालत समक्ष उपस्थित भई मिम नेपाल नामको यूट्यूव च्यानलको आग्रहमा जाहेरवालाले निर्माण गरेको चलचित्र बिर बिक्रम २ को राम्रो नराम्रो पक्षको बारेमा समिक्षा गरेको हुँ भनी गरेको बयान, सन्तोषकुमार सुवेदी समेतको घटना विवरण कागज, जाहेरी दरखास्तसाथ पेश भएका म्यासेज र यूट्यूवमा राखिएको भिडियोको सिडी समेतका तत्काल प्राप्त प्रमाणको आधारबाट यी प्रतिवादी प्रनेश गौतमले चलचित्रको समिक्षा गरेको विषयमा निज उपर लगाइएको आरोपको सम्वन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ र ६८ को अवस्था विद्यमानता रहेको नदेखिंदा निज प्रतिवादीलाई ऐ.को दफा ६९ बमोजिम मुद्दा पूर्पक्षको लागि साधारण तारेखमा राख्नू भन्ने मिति २०७६।३।१ मा भएको थुनछेक आदेश।

९. मैले मिति २०७६।०२।१० गते दिएको जाहेरी दरखास्तको व्यहोरा सहिछाप मेरो हो। मेम नेपाल पेज अन्तर्गत भिडियो बनाई पटक पटक अश्लिल शब्द प्रयोग गरेर म लगायत मेरो कलाकारको मान हानी तथा इज्जत प्रतिष्ठामा आँच आउने र रंङ्गभेद गर्ने कार्य यी प्रतिवादी प्रनेश गौतमले गरेका हुन। उक्त भिडियो मार्फत म लगायतका कलाकारलाई गाली गलौज गरेर समाजमा हाम्रो बारेमा नाकारात्मक विकृति फैलाउने काम गरेको हो। मलाई मर्का परेको कारण कानूनी उपचार खोज्न लागेको हो। हामी साधारण व्यक्तिलाई हाम्रो कानून व्यवसायले दिएको कानूनी सल्लाह अनुसार मुद्दा के कहाँ दायर गर्ने कुरा गरेका छौ भन्ने समेत व्यहोराको जाहेरवाला मिलन चाम्लिङ राईले गरेको बकपत्र।

१०. मैले मिति २०७६।२।३० गते दिएको घटना विवरण कागजको व्यहोरा सहिछाप मेरो हो। यी प्रतिवादी प्रनेश गौतमले यू-ट्यूव च्यानेल र मेम नेपाल पेज अन्तर्गत भिडियो बनाई पटक पटक अश्लिल शब्द प्रयोग गरेर म लगायत मेरो कलाकार साथीहरु माथी मान हानी तथा इज्जत प्रतिष्ठामा आँच आउने, जातीगत रंङ्गभेद गर्ने, हाम्रो टिमले बनाएको चलचित्र नै नहेर्नु भनी नेपाली चलचित्रलाई नै अनुचित प्रभाव पार्ने कार्य गरी यी प्रतिवादी प्रनेश गौतमले विद्युतीय अपराध गरेका हुन। उक्त

भिडियोमा हतियार देखाई जाहेरवाला लगायतका कलाकारहरुको चलचित्र हेर्न नजानु भनी आम नागरिगमा समेत हाम्रो प्रतिष्ठामा आँच आउने कार्य गरेको हो। यस्तो विकृतिले समाजमा हाम्रो इज्जत प्रतिष्ठा नै लिलाम हुने कार्य भएको हुनाले यी प्रतिवादीलाई सजाय गरी पाँउ भन्ने समेत व्यहोराको बुझिएका बिनोद सुवेदी खत्रीले गरेको बकपत्र।

११. मैले मिति २०७६।२।३० गते दिएको घटना विवरण कागजको व्यहोरा सहिछाप मेरो हो। यी प्रतिवादी प्रनेश गौतमले जाहेरवाला तथा कलाकारको चरित्रहत्या गर्ने, जातीगत रंङ्गभेद गर्ने, गाली गलौज अस्लिल शब्द प्रयोग गरी सिंगो समाजलाई नै अपाच्य हुने अपशब्द बोलेका हुन भन्ने समेत व्यहोराको बुझिएका संतोषकुमार सुवेदीले गरेको बकपत्र।

१२. यी प्रतिवादीले मिम नेपालको अनुरोधलाई स्वीकार्दै आफ्नो कलकारिता प्रस्तुत गरेका मात्र हुन। उक्त कार्य गैह्रकानूनी पनि होइन। कसैलाई असर गर्न गरी प्रस्तुत गरिएको समेत नहुँदा प्रतिवादीले अभियोग दावीबाट सफाई पाउनु पर्छ भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी मिमाङहाङ राईले गरेको बकपत्र।

१३. यी प्रतिवादीले मिम नेपालको अनुरोधलाई स्वीकार्दै आफ्नो कलकारिता प्रस्तुत गरेका मात्र हुन। उक्त कार्य गैह्रकानूनी पनि होइन। कसैलाई असर गर्न गरी प्रस्तुत गरिएको समेत नहुँदा प्रतिवादीले अभियोग दावीबाट सफाई पाउनु पर्छ भन्ने समेत व्यहोराको प्रतिवादीका साक्षी ऋषिराज गौतमले गरेको बकपत्र।

१४. प्रतिवादीको समिक्षाको प्रस्तुतीको विषय जाहेरवालाद्वारा निर्मित चलचित्रको विषयमा आफूले चलचित्र हेरी सो को आधारमा समीक्षा गरी चलचित्रको यो यो पक्ष राम्रो रहेको र यो यो पक्ष नराम्रो रहेको भनी गरिएको समिक्षा देखिँदा सो कार्यले पक्ष नराम्रो रहेको भनी गरिएको समिक्षा देखिँदा त्यस्तो समीक्षा गर्ने कार्यले जाहेरवाला लगायत कसैको चरित्र हत्या गरेको भन्न मिल्ने हुँदैन। जाहेरी तथा अभियोगमा चलचित्रको व्यापार व्यवसायमा नोक्सानी पार्ने नियतले समिक्षा गरेको भनी वादी पक्षले प्रतिवादीलाई आरोपित गरेको भए पनि प्रतिवादीले जाहेरवालाको इज्जत प्रतिष्ठा, चरित्र हत्या हुने गरी इन्टरनेटको माध्यमबाट कुनै सामाग्री प्रकाशित गरेको देखिँदैन र व्यापारिक घाटा भन्ने कुरा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा ४७(१) को कसूरको विषय हुन सक्ने समेत देखिँदैन। त्यसैले प्रतिवादीले अभियोगमा दावी वमोजिमको कसूर अपराध गरेको भन्न मिलेन। तसर्थ, मिसिल संलग्न प्रमाण कागजहरुको विवेचित आधार र कारणबाट यी प्रतिवादी प्रनेश गौतम जाहेरवालाले निर्माण गरेको बीर बिक्रम-२ को विषयमा हास्यब्यङग्य शैलीमा समीक्षा गरेको विषयले अभियोग दावी बमोजिमको कसूर अपराध गरेको भन्न नमिल्ने भएबाट वादी नेपाल सरकारको अभियोग दावी पुग्न नसक्ने भई दावीको कसूरबाट सफाई पाउने ठहर्छ भन्ने शुरु अदालतको फैसला।

१५. जाहेरी दरखास्त र सो साथ संलग्न सिडी चक्का बुझिएका मानिसहरुको कागज समेतको आधार प्रमाणहरुबाट प्रतिवादी प्रनेश गौतमले जाहेरवालाले निर्माण गरेको बिरबिक्रम २ नामक चलचित्रको प्रचार प्रसार गरिदिन्छु भनी रकम माग गरेको र निजले माग गरे बमोजिमको रकम नदिएपछि युटुव मार्फत उक्त चलचित्रमा काम गर्ने जाहेरवाला लगायतका निर्माता/निर्देशक र कलाकारहरुको इज्जत

प्रतिष्ठामा असर गर्ने गरी अश्लिल तथा हेपाहा प्रवृत्तिको शब्द प्रयोग गरी अभिव्यक्ति दिने, ठूलो लगानीबाट निर्माण भएको चलचित्रको व्यापार व्यवसायमा नोक्सानी पुऱ्याउने नियतले गलत विश्लेषण गरी तथा कुनै खास पेशा वर्ग समुदायको मानिसप्रति इङ्गित गरी घृणा द्वेष फैलाई विद्युतिय माध्यमबाट झुठ्ठा प्रचार गरेको तथ्य प्रमाणित भईरहेको अवस्थामा मिसिल संलग्न कागजातहरुलाई प्रमाण ऐन, २०३१ बमोजिम प्रमाण मूल्याङ्कन नभई प्रतिवादी प्रनेश गौतमलाई अभियोग दावीबाट सफाई हुने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी छ। प्रतिवादीले समिक्षाकै क्रममा भएपनि जाहेरवालाले निर्माण गरेको चलचित्रका पात्रहरुका बारेमा विद्युतिय माध्यमबाट चरित्र हत्या गर्न किसिमको कार्य प्रकाशन गरेको हुँदा सो विषयवस्तु विद्युतिय (ईलेक्ट्रोनिक) कारोबार ऐन,२०६३ को दफान ४७ (१) ले निषेधित कसूर अन्तर्गत नै पर्ने भएकोमा प्रतिवादी प्रनेश गौतमलाई अभियोग दावीबाट सफाई हुने गरी भएको फैसला कानूनी व्याख्याको रोहमा त्रुटिपूर्ण रही बदरभागी छ। अतः काठमाडौं जिल्ला अदालतले गरेको उक्त फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग मागदावी बमोजिम गरी पाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर।

ठहर खण्डः

१६. नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेशी सूचीमा चढी निर्णायार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदन सहितको मिसिल संलग्न कागजातहरु अध्ययन गरी पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित उच्च सरकारी वकील कार्यालय पाटनका विद्वान उप-न्यायाधिवक्ता श्री मुना पौडेले प्रतिवादी प्रनेश गौतमले जाहेरवालाले निर्माण गरेको बिरबिक्रम २ नामक चलचित्रको प्रचार प्रसार गरिदिन्छु भनी रकम माग गरेको र निजले माग गरे बमोजिमको रकम नदिएपछि युटुव मार्फत उक्त चलचित्रमा काम गर्ने जाहेरवाला लगायतका निर्माता/निर्देशक र कलाकारहरुको इज्जत प्रतिष्ठामा असर गर्ने गरी अश्लिल तथा हेपाहा प्रवृत्तिको शब्द प्रयोग गरी अभिव्यक्ति दिने, ठूलो लगानीबाट निर्माण भएको चलचित्रको व्यापार व्यवसायमा नोक्सानी पुऱ्याउने नियतले गलत विश्लेषण गरी तथा कुनै खास पेशा वर्ग समुदायको मानिसप्रति इङ्गित गरी घृणा द्वेष फैलाई विद्युतिय माध्यमबाट झुठ्ठा प्रचार गरेको तथ्य प्रमाणित भईरहेको अवस्थामा मिसिल संलग्न कागजातहरुको मूल्याङ्कन नगरी प्रतिवादी प्रनेश गौतमलाई अभियोग दावीबाट सफाई दिने गरी शुरु अदालतबाट भएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी प्रतिवादीलाई अभियोग माग दावी बमोजिम नै सजाय गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

१७. पुनरावेदन पत्र तथा संलग्न शुरु मिसिल समेत अध्ययन गरी हेर्दा, प्रत्यर्थी प्रतिवादी प्रनेश गौतमले जाहेरवालाले निर्माण गरेको चलचित्र विर विक्रम-२ को समिक्षा गर्ने क्रममा जाहेरवाला लगायतका निर्माता निर्देशक र कलाकारहरुको इज्जत प्रतिष्ठामा असर पर्ने गरी अश्लिल तथा हेपाहा प्रवृत्तिको शब्द प्रयोग गरी अभिव्यक्ति दिई ठूलो लगानीमा निर्माण भएको चलचित्रको व्यापार व्यवसायमा नोक्सानी पुऱ्याउने नियतले गलत समिक्षा गरी कुनै खास पेशा वर्ग समुदायको मानिस प्रति इङ्गित गरी घृणा द्वेष फैलाई अनर्गल झुठा प्रचार गरी विद्युत्तीय (इलेक्ट्रोनिक) कारोबार ऐन,२०७३ को दफा ४७ (१) वमोजिमको कसूर गरेकोलवे निज प्रतिवादीलाई ऐ. ऐनको दफा ४७(१) वमोजिम सजाय गरी पीडितलाई सोहि ऐनको दफा ७६ वमोजिम मनासिव क्षतिपूर्ती समेत दालई भराई पाऊँ

भन्ने अभियोग दावी रहेको प्रस्तुत मुद्दामा प्रतिवादी प्रनेश गौतमले अभियोग दावीबाट सफाई पाउने ठहऱ्याई शुरु अदालतमा भएको फैसलामा चित्त नबुझाई प्रतिवादीलाई अभियोग माग दावी बमोजिम नै सजाय हुनुपर्दछ भनी वादी नेपाल सरकारको तर्फबाट प्रस्तुत पुनरावेदन पत्र दर्ता हुन आएको देखियो।

१८. उपर्युक्त तथ्य रहेको प्रस्तुत मुद्दामा शुरु अदालतबाट भएको फैसला मिलेको छ, छैन? पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन? भन्ने विषयमा निर्णय दिनु पर्ने देखिन आयो।

१९. निर्णयतर्फ विचार गर्दा, प्रतिवादी प्रनेश गौतमले म जाहेरवालाले निर्माण गरेको चलचित्र विर विरविक्रम-२ को प्रचार प्रसार गरिदिन्छु, मेरो मेमे नामक युट्युव च्यानल छ भनी Messanger मा कुरा भएकोमा कति रुपैयाँ दिनु पर्ने हो भनी आसमान सुवेदीले सोद्धा १४।१५ हजार लाग्छ भनी भनेकोमा हामीले दिन नमानेपछि प्रतिवादीले उक्त युट्युव मार्फत मेरो मान प्रतिष्ठामा खलल पुऱ्याउने र उक्त चलचित्रको व्यापार व्यवसायमा घाटा नोक्सान पुऱ्याउने नियतले विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ विपरीत सञ्चार माध्यमहरुमा प्रचलित कानूनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोक लगाएको कार्य गरेको, ऐनको दफा ४९ वमोजिम झुठ्ठा व्यहोराको सूचना दिने मेरो चलचित्रको व्यापार डुवाउने, घाटा लगाउने गरी देस विदेसमा प्रदर्शन हुनबाट रोक्ने गरी अनर्गल झुठ्ठा प्रचार गर्ने गरी भिडियो तयार गरी मेमे नेपाल च्यानलमार्फत गाली गलौज गर्ने, कलाकारको मान इज्जत प्रतिष्ठामा आँच पुऱ्याउने गरी छुरी देखाई जवरजस्ती नराम्रो छ भन्न लगाई मेरो तथा मैले निर्माण गरेको चलचित्रको वदनाम गरेको हुँदा प्रतिवादीलाई पक्राउ गरी निज प्रतिवादीलाई विद्युत्तिय (इलेक्ट्रोनिक) कारोबार ऐन वमोजिम हदैसम्मको सजाय गरी रु १,००,००,०००।-(एक करोड) भन्दा बढी क्षतिपूर्ति समेत दिलाई भराई पाऊँ भन्ने जाहेरी दरखास्तबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ।

२०. प्रत्यर्थी प्रतिवादीले अदालतमा आई वयान गर्दा आफू पेशाले इन्जिनियर भएको र हाँस्य कलाकारिता गर्दै आएकोमा मेमे नामको युट्युव च्यानलले मलाई विर विक्रम-२ को समिक्षा गरिदिन भनेकाले सो चलचित्रको राम्रो नराम्रो पक्षको समिक्षा गरेको तर सो समिक्षा कोही कसैको चरित्रहत्या हुने, वदनाम गराउने, मान इज्जत प्रतिष्ठामा खलल पुऱ्याउने नियतले कसैलाई गाली गलौज गरी वा चरित्र हत्या हुने अभिव्यक्ति नदिएको, त्यस्तो उद्देश्य पनि नरहेको, हास्य-व्यंग्य तरिकाले प्रस्तुत गरी एक जना कलाकार साथीलाई नक्कली छुरी देखाएर यो राम्रो छ भन भनेर व्यंग्यसम्म गरेको हुँ। जाहेरी साथ पेश गरिएका म्यासेजहरु मैले पठाइएका म्यासेज होइनन्, जाहेरवालाको चलचित्र हेरे पछि आफूलाई लागेको कुरा व्यक्त मात्र गरेको हो, मैले हालसम्म नेपाली र हिन्दी गरी ५ वटा यस्तो भिडियो बनाई अपलोड गरेको छु भनी कसूरमा इन्कार रही वयान गरेको देखिन्छ ।

२१. पुनरावेदक वादी नेपाल सरकारले अभियोग दावी लिएको विद्युतीय (इलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ को दफा ४७(१) हेर्दा, ***"कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमहरुमा प्रचलित कानूनको प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोक लगाएका सामाग्रीहरु वा सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्ध सामाग्री वा कसैप्रति घृणा वा द्वेस फैलाउने वा विभिन्न जातजाति र सम्प्रदाय***

*बीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामाग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने महिलालाई जिस्काउने, हैरानी गर्ने, अपमान गर्ने वा यस्तै कुनै किसिमको अमर्यादित कार्य गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक लाख रुपैयाँ सम्म जरिवाना वा पाँच वर्ष सम्म कैद वा दुवै हुनेछ।"* भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। उल्लिखित कानूनी व्यवस्थालाई प्रस्तुत मुद्दाको रोहमा हेर्दा, पुनरावेदकबाट प्रतिवादी उपर लगाएको अभियोग हेर्दा प्रत्यर्थी प्रतिवादीले जाहेरवालालाई यो यो शब्द प्रयोग गरी, यो यो कानूनले प्रकाशन गर्न प्रतिवन्ध लगाएको सामाग्री प्रतिवादीले जानी जानी प्रशारण गरेको भनी स्पष्टसँग दावी लिन सकेको देखिँदैन। मिसिल संलग्न कागज प्रमाणहरु हेर्दा यी प्रतिवादीले हास्य व्यंग्यात्मक शैलीमा जाहेरवालाले निर्माण गरेको चलचित्रको समिक्षा सम्म गरेको देखिन्छ। यसरी कुनै चलचित्रको समिक्षा गर्ने क्रममा चलचित्रका कतिपय पात्रहरुको अभिनय राम्रो छ र कसैको अभिनय राम्रो छैन भनी समिक्षा गरी चलचित्र मै प्रस्तुत भएका कलाकारका भनाईहरुलाई अभिनय मार्फत समिक्षा गरेको विषयले सार्वजनिक नैतिकतामा खलल पुऱ्याउने, कसैप्रति घृणा, द्वेष फैलाउन कार्य गरेको भन्ने देखिंदैन। हाम्रो समाजमा हाँस्यकलाकार द्वारा कुनै राजनैतिक व्यक्तित्वलाई आफ्नो प्रस्तुतीको पात्रको रुपमा प्रस्तुत गरी हाँस्य चित्रण गर्ने आम प्रचलन समेत रहेको देखिन्छ। त्यस्ता प्रस्तुतीको उद्देश्य केवल मनोरञ्जन दिने मात्र रही कसै प्रति घृणा द्वेष फैलाउने भनी देखिन आएको पाइदैन। प्रस्तुत मुद्दामा समेत प्रत्यर्थी प्रतिवादीको समिक्षाको प्रस्तुतीको विषय जाहेरवालाद्वारा निर्मित चलचित्रको विषयमा आफूले चलचित्र हेरी सो को आधारमा समीक्षा गरी चलचित्रको यो यो पक्ष राम्रो रहेको र यो यो पक्ष नराम्रो रहेको भनी गरिएको समिक्षाले जाहेरवाला लगायत कसैको चरित्र हत्या गरेको भन्न मिल्ने देखिदैन। साथै जाहेरी तथा अभियोगमा चलचित्रको व्यापार व्यवसायमा नोक्सानी पार्ने नियतले समिक्षा गरेको भनी वादी पक्षले प्रतिवादीलाई आरोपित गरेको भए पनि प्रतिवादीले जाहेरवालाको इज्जत प्रतिष्ठा, चरित्र हत्या हुने गरी इन्टरनेटको माध्यमबाट कुनै सामाग्री प्रकाशित गरेको पनि देखिँदैन र व्यापारिक घाटा भन्ने कुरा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा ४७(१) को कसूरको विषय हुन सक्ने समेत देखिँदैन।

२२. प्रमाण ऐन, २०३१ को दफा *२५ "फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसूर प्रमाणित गर्ने भार वादीको हुने छ।"* भन्ने कानूनी व्यवस्था भएकोमा प्रस्तुत मुद्दामा वादी नेपाल सरकारले आफ्नो अभियोग माग दावी पुष्टि गर्ने प्रमाण प्रस्तुत हुन सक्ने अन्य ठोस र बस्तुनिष्ठ सबुत प्रमाण समेत पेश गर्न सकेको देखिदैन। यसरी पुनरावेदक वादीले आफ्नो अभियोग माग दावी पुष्टी गर्न नसकेको अवस्थामा निज प्रत्यर्थी प्रतिवादीलाई अभियोग दावी बमोजिमको कसूरबाट सफाई दिने ठहऱ्याई शुरु अदालतबाट भएको फैसला मिलेको देखिदा अन्यथा मान्नु पर्ने अवस्था देखिएन। यस अवस्थामा शुरु फैसला बदर गरी प्रत्यर्थी प्रतिवादी प्रनेश गौतमलाई अभियोग माग दावी बमोजिम सजाय गरी पाउँ भन्ने पुनरावदेक वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवम् सो पुष्टिको प्रयोजनार्थ बहस गर्नु हुने विद्वान उप-न्यायाधिवक्ताको बहसमा समेत सहमत हुन सकिएन।

२३. अतः माथि उल्लेखित आधार, कारण र प्रमाणबाट शुरु काठमाण्डौं जिल्ला अदालतबाट मिति २०७६।०४।०९ मा भएको फैसला मिलेको देखिंदा परिवर्तन गरी रहनु परेन। उक्त फैसला सदर

हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसील बमोजिम गर्नू।

<u>तपसील</u>

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२ को उपदफा (४) बमोजिम प्रस्तुत फैसलाको प्रतिलिपि समेत संलग्न राखी फैसला भएको जनाउ पुनरावेदन सरकारी वकील कार्यालय पाटनलाई दिनु.........................................................................................................१

सरोकारवालाले प्रस्तुत फैसलाको प्रतिलिपि माग गरे उच्च अदालत नियमावली, २०७३ को नियम १२० बमोजिम प्रमाणित प्रतिलिपी दिनू.................................................................................२

प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी शुरु सक्कल मिसिल सम्वन्धित जिल्ला अदालतमा पठाइदिनू.........................................................................................................................३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू ..........................................................................४

श्रीमण कुमार गौतम
न्यायाधीश

उक्त रायमा म सहमत छु,

सुभाष पौडेल
न्यायाधीश

इजलास अधिकृत :सानुमाया विश्वकर्मा
कम्प्युटर अपरेटर : एकराज भुजेल
फैसला मिति: २०७७/११/१७/२
फैसला प्रमाणीकरण मिति:

अदालतको छाप

न्यायाधीश